नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं पौष ८ गते ०१ साल

भाग २

अर्थविभागका सूचना

पुलीस फोर्सका नयाँ तलब भत्ता दरबन्दी सम्बन्धित नियमहरू

१. २००६ साल आषाढ ३ गतेका गजेटको दफा ४बाट ननगजेटेड र त्यसमाथिका स्केलहरू, ती स्केलहरू खान पाउने कर्मचारीहरू पब्लिक सर्भिस कमिशन र स्क्रुनिंग कमिटीबाट सदर भएपछि मात्र लागू हुन सक्ने हुँदा, हाल पुलीस फोर्सतर्फ पनि सब—इन्सपेक्टर र त्यसदेखि मुनिका कर्मचारीहरुलाई मात्र यो स्केल लागू भै, इन्सपेक्टर र त्यसदेखि माथिकाहरूको हकमा स्क्रूनिंगको ठहर भइसकेपछि मात्र यो स्केल लागू हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सब-इन्सपेक्टर र त्यसदेखि मुनिकालाई हाल सो स्केलको सुरुको तलब खुवाई, नोकरी बर्षअनुसार पाउने थपको हकमा २००६ साल आश्विन २१ गतेको गजेटमा प्रकाश भएको नयाँ तलब दरबन्दी—सम्बन्धी संशोधित नियमबमोजिम गरिनेछ।

३. २००६ साल भाद्र १० गतेको गजेटमा प्रकाश भएको नयाँ तलबको दरबन्दी—सम्बन्धी नियमको दफा ३ ले नयाँ स्केलबाट हाल खाई आएको खान्गी घट्न जाने भएमा नयाँ स्केलबमोजिम तलब लिने वा आफूले खाई आएकै तलबमा रिटायर नहुन्जेल बस्ने हो? कर्मचारीलाई इच्छाधीन गर्न दिने सामान्य नियम भए तापनि, पुलीस फोर्सका कर्मचारीहरुका हकमा स्क्रूनिंग कमिटीले हाल बहाल रहेका दर्जमा कायम गर्न वा बढुवा गर्न योग्य ठहराएकाले मात्र सोबमोजिम हाल खाइरहेको खान्गीमा बस्न पाउने र तल्लो दर्जामा खसेमा सो दर्जाको स्केलबमोजिमको तलब मात्र खान पाउनेछन्। तर यो दफा सब—इन्सपेक्टर र त्यसदेखि मुनिकालाई लागू हुनेछैन।

सेक्रेटरी,
अर्थ (खर्च—व्यवस्था) विभाग.

२३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुलीसफोर्सको तलब दरबन्दी

दर्जा:—	कन्सटेबल	हेड कन्सटेबल	सब—इन्सपेक्टर	इन्सपेक्टर	डिपुटी—सुपरिन्टेन्डेन्ट	सुपरिन्टेन्डेन्ट ए. आई.जी
स्केल:—	३० ४५	४५ ६०	९०—१८०	१६०—३००	२२०—४००	३२०—६००
पहिलाबर्ष	३०	४५	९०	१६०	२२०	३२०
दोस्रो ऐ	३१	४६	९६	१७०	२३२	३४०
तेस्रो ऐ	३२	४७	१०२	१८०	२४४	३६०
चौथा ऐ	३३	४८	१०८	१९०	२५६	३८०
पाँचौं ऐ	३४	४९	११४	२००	२६८	४००
छैटौं ऐ	३५	५०	१२०	२१०	२८०	४२०
सातौं ऐ	३६	५१	१२६	२२०	२९२	४४०
आठौं ऐ	३७	५२	१३२	२३०	३०४	४६०

———इफिसेन्सीवार———

काम जाँच

नवौं र्ष	३८	५३	१४०	२४०	३२४	४८०
दशौं ऐ	३९	५४	१४६	२५०	३३६	५००

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एघारौं ऐ	४०	५५	१५२	२६०	३४८	५२०
बाह्रौं ऐ	४१	५६	१५८	२७०	३६०	५४०
तेह्रौं ऐ	४२	५७	१६४	२८०	३७२	५६०
चौधौ ऐ	४३	५८	१७०	२९०	३८४	५८०
पन्ध्रौं ऐ	४५	६०	१८०	३००	४००	६००

पुलीस फोर्सको विभिन्न मासिक भत्ताहरू

१. कन्सटेबलको भत्ता:—	सदरका			मोफसलका		
	सिविल पुलीस	आर्मड पुलीस	सि.आई.डि.	सिविल पुलीस	आर्मड पुलीस	सि.आई.डि.
क. किट मेन्टिनेन्स भत्ता	३	३	—	१	१	—
ख. साइकल भत्ता	—	—	२	—	—	२
ग. आर्मड पुलीस विशेष भत्ता	—	१	—	—	१	—
घ. सि.आई.डि. विशेष भत्ता	—	—	३	—	—	३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. हेड कन्सटेबल:—

क. किट मेन्टिनेन्स भत्ता	४।५०	५।५०	—	१।५०	१।५०	—
ख. साइकल भत्ता	—	—	२	—	—	
ग. आर्मड पुलीस विशेष भत्ता	—	२	—	—	२	—
घ. सि.आई, डि. ऐ	—	—	६	—	—	६

	सदरका	मोफसलका
३. सब—इन्सपेक्टर:—		
क. किट मेन्टिनेन्स भत्ता	१५	१०
ख. सवारी भत्ता :—		
(१) साइकल	३	३
(२) मोटर साइकल	२०	२०
(३) घोडा	—	२५
ग. सि आई डि तर्फकाके विशेष भत्ता	२०	२०

२३५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सदरका	मोफसलका
४.	इन्सपेक्टरः—		
	क. किट मेन्टिनेन्स भत्ता	२५	२०
	ख. सवारी भत्ताः—		
	(१) मोटर साइकल	२०	२०
	(२) घोडा	—	२५
	ग. सि. आई. डि. विशेष भत्ता	३०	३०
५.	डिपुटी सुपरिण्टेण्डेण्ट :—		
	क. सवारी भत्ता :—		
	(१) मोटर साइकल	२५	३५
	(२) घोडा	—	३०
६.	सुपरिण्टेण्डेण्टः—		
	सवारी भत्ता :—		
	(१) मोटर साइकल	४०	४०
	(२) घोडा	—	४०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

७, ए. आई. जी. :—

(क) विशेष भत्ता ५०

(ख) सवारी भत्ता (मोटर साइकल) ५०

नोटः—(१) माथि लेखिएका साइकल, मोटर साइकल र घोडा भत्ता कर्मचारीहरूले आफूले नै सो सवारीहरू किनी, पुलीस-विभागको सो सवारीहरू किनेको निस्सा पाएपछि मात्र सो भत्ताहरू पाउनेछन् ।

(२) एक कर्मचारीले एकै सवारी मात्र पाउन सक्छन् सदरकाले घोडा भत्ता पाउनेछैनन् ।

सेक्रेटरी,

अर्थ (खर्च-व्यवस्था) विभाग.

मुद्रण विभाग, सिंहदरबार

230

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।